नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: २०७८/०५/३१

## जिल्ला प्रशासन कार्यालय ललितपुरबाट जारी आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०६/०१ गतेबाट अर्को आदेश नभएसम्म लागू हुने गरी तपसिल बमोजिम गर्न/गराउन सर्वसाधारण सबैको लागि अनुरोध छ ।

क. कोभिड-१९ महामारीको जोखिम हालसम्म कायमै रहेकोले कोभिड संक्रमणको अवस्था सामान्य नभएसम्म यस जिल्लामा रहेका विद्यालयहरुले भौतिक उपस्थितिमा पठन पाठन गर्न/गराउन नपाउने । भौतिक रुपमा कक्षा संचालन गर्नैपर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही सोको विश्लेषण गरी संचालन गर्न सकिने देखिएमा कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) ललितपुरबाट स्वीकृत **ललितपुर जिल्लामा रहेका विद्यालयहरु संचालन सम्बन्धी मापदण्ड, २०७८** को प्रावधान भित्र रही स्थानीय तहहरुले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी विद्यालयहरु संचालन गर्न सक्ने ।

ख. जिल्लामा राजनीतिक दल तिनका भातृ संगठन, संघ, संस्थाहरुलाई सभा, सम्मेलन, बैठक, गोष्ठि, अन्तरक्रिया, सामाजिक कार्यक्रम गर्दा सार्वजनिक शान्ति सुव्यवस्थामा असर नपर्ने तथा नेपाल सरकारबाट जारी कोभिड-१९ सम्बन्धी स्वास्थ्य मापदण्डहरुको पालना हुने गरी मात्र अनुमति दिने ।

ग. यस अवधिमा पर्ने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा साङ्केतिक रुपमा मात्र मनाउन पाउने।

घ. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु संचालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटइजरको प्रयोग गर्ने र नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्न पाउने।

ङ. स्थानीय ढुवानी बिहान ९:०० बजे देखि ११:०० बजेसम्म र अपरान्ह ४:०० बजे देखि ७:०० बजेसम्म गर्न नपाउने।

च. सार्वजनिक तथा निजी निर्माण कार्यको लागि निर्माण सामग्री ढुवानी बेलुका ९ बजेदेखि बिहान ५ बजेसम्म संचालन गर्न पाउने।

छ. कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact Tracing) मा परेका व्यक्तिहरुले नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन, भिडभाडबाट बच्न तथा बचाउन सतर्क रही स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गर्ने/ गराउने।

कोभिड-१९ सम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाइएमा संक्रामक रोग ऐन, २०२० अनुसार कारवाही हुनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ।

ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी